# दार्चुला

## जिल्ला खाद्य सुरक्षा बुलेटिन

अंक: १६

रिपोर्टिङ्ग अवधिः अप्रिल-जुन, २०१३ (मध्य चैत्र, २०६९-मध्य असार, ०७०)

पुर्वानुमान अवधिः मध्य जुलाई-मध्य नोवेम्बर, २०१३ (श्रावण-कार्तिक, ०७०)

### खाद्य सुरक्षा चरण वर्गिकरण नक्सा




### खाद्य असुरक्षित मानिसहरुको अनुमानित संख्या

| खाद्य सुरक्षा चरण ३ र ४ मा परेका गाविस (वडा) हरु | खाद्य सुरक्षा चरण ३ र ४ अनुमानित जनसंख्या |
|---|---|
| **खलङ्गा (१-९)**<br>(गाविसको कुल जनसंख्याको ८० प्रतिशत) | ६,८६० |
| **जोखिममा परेका कूल जनसंख्या** | ६,८६० |
| **जिल्लाको कूल जनसंख्या** | १३३,२७४ |

स्रोतः जिल्ला कृषि विकास कार्यालय/ जिल्ला खाद्य सुरक्षा सञ्जाल/स्थलगत अवलोकन

### चरण वर्गिकरण सूचकहरु *

| सूचकहरु | गाबिस समूह (cluster) | | | |
|---|---|---|---|---|
| | A | B | C | D |
| ***उपलब्धता*** | | | | |
| **हिउँदे बाली:**<br>गहुँ- भिञ्चाइएको) | १ | १ | १ | १ |
| **बर्षे बाली:**<br>पहिलो मुख्य बालि (मकै- हुर्कँदै) | १ | १ | १ | १ |
| दोस्रो मुख्य बालि (धान-लगाइदै) | १ | १ | १ | १ |
| खाद्य वस्तुको घरेलु सञ्चिती | १ | २ | २ | ३ |
| खाद्य वस्तुको बजार सञ्चिती | १ | १ | २ | ३ |
| ***पहुँच*** | | | | |
| खाद्यान्नको मूल्य | २ | २ | ४ | ४ |
| रोजगारी | १ | १ | १ | १ |
| गैर काष्ठ वन पैदावार | १ | १ | १ | १ |
| प्राकृतिक प्रकोप | १ | १ | २ | ३ |
| नागरीक असुरक्षा | १ | १ | १ | १ |
| बसाईसराईको स्थिति | १ | १ | १ | १ |
| निर्वाह पद्दति | १ | १ | २ | ३ |
| ***उपयोगिता*** | | | | |
| चरम कुपोषण | १ | १ | १ | १ |
| रोग व्याधी | १ | १ | १ | १ |
| ***समग्र वर्गिकरण*** | १ | १ | २ | ३ |
| ***चार महिनाकालागि पूर्वानुमान*** | ▶ | ▶ | ▲ | ▲ |

✷ खाद्य सुरक्षामा सामान्य मेल भएको आधारमा गाबिसहरुको समूह बनाईएको छ। हरेक सूचकको वर्गिकरण सन्दर्भ सूचकको परिमाणात्मक माप संग मेल खाएको आधारमा गरिएको छ।

### खाद्य सुरक्षा विवरण

#### हालको खाद्य सुरक्षा अवस्था

- असार ३ र ४ को अविरल वर्षाका कारण महाकाली नदीमा आएको बाढीले खलङ्गा गाविस (जिल्ला सदरमुकाम सहित) गम्भिर रुपमा प्रभावित भयो। जसको फलस्वरुप, यो गाविस खाद्य सुरक्षा चरण ३ अर्थात उच्चत्तम् खाद्य असुक्षित अवस्थमा (वा संकट) मा परेको छ भने थप १३ गाविसहरु चरण २ अर्थात मध्यम्स्तरीय खाद्य असुरक्षित (वा अभाव) अवस्थामा छन्। जिल्ला खाद्य सुरक्षा सञ्जालले खलङ्गा गाविसका ६,८६० (कुल जनसंख्याको ८० प्रतिशत) मानिसहरु उच्चत्तम् खाद्य असुरक्षित (चरण ३) अवस्थामा परेको जनाएको छ। यस अवस्थामा खाद्य उपभोगको अभाव सामान्य भन्दा उच्चस्तरमा हुने र घरधुरीहरुले जीविकोपार्जनका साधनहरु द्रुत गतिमा क्षय गरी न्यूनत्तम् रुपमा मात्र खाद्य आवश्यकता परिपूर्ति गर्ने सक्दछन्।

- हालको स्थिती गत अनुगमन अवधि (मध्य पुष-मध्य चैत्र २०६९) र गत वर्ष यही अवधि (मध्य चैत्र २०६८-मध्य असार २०६९) को तुलनामा अत्यधिक मात्रामा खाद्य सुरक्षा अवस्थामा ह्रास आएको स्थिती हो। महाकाली नदीमा आएको बाढीले करिब ३,५०० मानिसहरुलाई विस्थापीत गऱ्यो, जिल्ला जनस्वास्थ्य कार्यालय लगायत १३ सरकारी कार्यालय भवनहरु बगायो, सडक, पुल, र अन्य पूर्वाधारहरु (१८५ नीजि घरहरु सहित) मा क्षती पुऱ्यायो र खाद्यान्न आपूर्तिमा वाधा पुऱ्यायो।

- जिल्लामा बजार सञ्चालन प्रभावित हुनुका साथै खाद्य तथा अन्य आवश्यक बस्तुहरुको आपूर्तिमा कमी आयो। खलङ्गा गाविसमा बजार मूल्य ६०-७० प्रतिशतले बृद्धि भयो भने जिल्लाको Cluster B क्षेत्रमा १०-२० प्रतिशतले बृद्धि भयो।

- जिल्लाभर गहुँ बाली कटानी सामान्य भएतापनि Cluster B र C का ५० प्रतिशत भन्दा बढी घरधुरीहरुमा २-३ महिनाका लागि मात्र पर्याप्त खाद्य संचिती थियो भने खलङ्गामा प्राय घरधुरीहरुमा १-२ महिनाका लागि मात्र पर्याप्त थियो।

- खलङ्गाका मानिसहरुले पशुपन्छि र अन्य साधनहरुको बेचबिखन गरेर, छाक बिराएर, र बेमौसममा बसाइसराइ गएर निर्वाह गरिरहेका छन् भने मध्यम्स्तरीय खाद्य असुरक्षित गाविसहरु (Cluster C) मा कम रुचीकर खाना खाएर, नातेदारहरु माथि निर्भर भएर, र उच्च ब्याजदरमा खाद्यान्न तथा नगद अैंचोपैंचो गरेर निर्वाह गरिरहेका छन्।

#### खाद्य सुरक्षा पुर्वानुमान

- वर्षे बाली (धान र मकै) भिञ्चाइने, मनसुनी वर्षायाम सकिएपछि बजार सुचारु रुपमा सञ्चालनामा आउने र सडक सञ्जालहरु पूर्ण रुपमा सञ्चालनमा रहने हुनाले आउँदो अनुगमन अवधिमा खाद्य सुरक्षा अवस्थामा सुधार आउने अनुमान छ।। सो अवधिमा घरधुरीहरुका तहमा खाद्य संचिती परिपूर्ति हुनेछ। खाद्य बस्तुहरुको बजार मूल्य पनि स्थिर रहने अनुमान छ। हाल अन्न बालीहरु पनि गत वर्षकै बराबरको क्षेत्रफलमा राम्ररी हुर्कीरहेको अवस्था छ।

- तरकारी, नगदे बाली, पशुपन्छि र पशुजन्य उत्पादनबाट घरधुरीहरुको आम्दानीमा सुधार आउने अनुमान छ। उत्तरी गाविसहरुमा यार्शागुम्बा र सतुवाबाट हुने आम्दानीले घरधुरीहरुको क्रय शक्ति सुधार गर्नमा उल्लेख्य भूमिका निर्वाह गर्नेछ।

- विकास कार्यक्रमहरु पुन सञ्चालनमा आउनेछन् जसले ज्यालादारी रोजगारीका अवसरहरुको सृजना गर्नेछ।

- सरकारी तथा गैह्र सरकारी संस्थाहरुको राहत कार्यक्रमहले तत्कालको खाद्य, गैह्र-खाद्य र आवासको आवश्यकतालाई सम्बोधन गर्ने अनुमान छ।

**खाद्य सुरक्षा वर्गिकरण:**

■ पहिलो चरण. न्यूनतम् खाद्य असुरक्षित- जीविकोपार्जनका पद्दतिहरु (उपायहरु) परिवर्तन नगरिकन घरधुरीहरुले खाद्य र गैर खाद्य आवश्यकताहरु पुरा गरिरहेको (धानि रहेको) अवस्था। यी घरधुरीहरु आफ्नो सामाजिक, प्राकृतिक तथा आर्थिक हैसियतका कारण विद्यमान खतरा, प्रकोप, संकट, माहामारी र द्वन्द वा हिंसाका कारण हुन सक्ने सानो स्तरका तनावहरु भेल्न सक्ने अवस्थामा हुन्छन्।

■ दोस्रो चरण. मध्यमस्तिरीय खाद्य असुरक्षित (वा अभावको अवस्था)- घरधुरीहरुले परम्परागत निर्वाह पद्दति अपनाएर न्यूनतम् खाद्य आवश्यकताहरु परिपूर्ति गर्न सक्ने अवस्था, तर केही अत्यावश्यक गैर खाद्य आवश्यकताका लागि भने यी घरधुरीहरुले पछि परिपूर्ति गर्न नसकिने खालका निर्वाह पद्दतिहरु नअपनाइ उक्त आवश्यकता पूरा गर्न सक्दैनन्।

■ तेस्रो चरण. उच्चतम खाद्य असुरक्षित (वा संकटको अवस्था): घरधुरीहरुमा साविकको तीव्र कुपोषण वा सो भन्दा माथिल्लो स्तरको कुपोषण निम्त्याउने खाद्य उपभोग अभावको अवस्था; जीविकोपार्जनका साधनहरु द्रुततर गतिमा रित्याएर (बेचबिखन गरेर) मात्र न्यूनत्तम् खाद्य आवश्यकता परिपूर्ति गर्ने अवस्था जसले गर्दा घरधुरीहरुलाई भनै बढी खाद्य उपभोग अभाव तर्फ धकेल्दै लैजान सक्ने हुन्छ।

■ चौथो चरण. गम्भिर खाद्य असुरक्षित (वा आपतकालीन अवस्था):- घरधुरीहरुले जीविकोपार्जनका साधनहरु नगुमाइकन खाद्य तथा गैर खाद्य आवश्यकताहरु परिपूर्ति गर्न नसक्ने अवस्था। यस अवस्थाले अति उच्च स्तरको तीव्र कुपोषणलाई प्रेरित गर्दछ जसले उच्च रुग्णता र मृत्युदर बढाउनुका साथै औसत आयु घटाउदछ। यस अवस्थामा द्वन्दका कारण उच्च स्तरको हिंसा र हिँडडुलमा प्रतिबन्दको सम्भावना हुन्छ। तत्काल कार्यक्रम वा सहयोगको आवश्यकता रहेको अवस्था।

■ पाचौ चरण.मानव आपतकालीन (अनिकाल वा भोकमरीको अवस्था):- सो क्षेत्रका प्राय सम्पूर्ण घरधुरीहरुमा खाद्यन्न र अन्य आधारभूत आवश्यकताहरुको चरम अभावको अवस्था जहाँ भोकमरी, अभाव, मुख्य स्रोतहरुको परिपूर्ति नहुने गरी क्षती भएको र मानव जीवनको क्षती प्रष्ट देखिन्छ। सम्पूर्ण घरधुरीहरु खाद्यान्न र अन्य आधारभूत आवश्यकताहरुको तीव्र अभावको चुनौतीमा हुन्छन्- खतरा, प्रकोप, माहामारी फैलिएको वा पूर्वाधारहरुको विनास र सेवाहरु अवरुद्ध भएको अवस्था। तत्काल मानवीय सहयोगको आवश्यकता।

**पूर्वानुमान:** ▲ सुधार हुने, ▶ यथावत रहने, ▼ बिग्रने

**जिल्ला खाद्य सुरक्षा संजालमा आवध्द सदस्य संस्थाहरु:** जिप्रका, जिविस, जिल्ला कृषि विकास कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, महिला तथा वालवालिका विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय, जिल्ला वन कार्यालय, जिल्ला सिचाई कार्यालय, उद्योग वाणिज्य संघ, RVWRMP, DLGSP, REDP, CARE Nepal, र विश्व खाद्य कार्यक्रम, (उपस्थितीः जिप्रका, जिविस, जिकृविका, जिल्ला पशु सेवा कार्यालय, जिल्ला वन कार्यालय, महिला तथा बालबालिका विकास कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला प्राविधिक कार्यालय, जिल्ला सिँचाइ कार्यालय, र विश्व खाद्य कार्यक्रम)

**यस जिला खाद्य सुरक्षा बुलेटिन लगायत खाद्य सुरक्षा सम्बन्धि अन्य जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को निम्न गुगल ग्रुप विद्युतीय ठेगानामा हेर्न सकिनेछ;**

https://sites.google.com/site/nefoodsec/

यो परियोजना युरोपियन युनियनको सहयोगमा संचालित छ। यस बुलेटिनमा प्रकाशित विचारहरुले युरोपियन कमिसनको विचारहरुलाई प्रतिविम्बित गर्दछ भन्ने कनै जरुरी छैन।